म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४३ | बिहीबार ५ साउन २०७९ | ने. सं. ११४२ दिल्लागा | 21 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रानी वनमा मरिण सिन्धुलीमा भेटिएको तामे सालक छाडियो

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको जङ्गलमा मरिण सिन्धुलीमा भेटिएको लोपोन्मुख तामे सालकलाई छाडिएको छ ।

डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीका डिभिजनल वन अधिकृत पुष्पराज बर्त्तौंलाले मरिणका स्थानीयले कार्यालयमा बुझाएको सालक रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेललाई हस्तान्तरण गरेका थिए । उक्त सालकलाई समूहले ब्लक नं. ५ मा निर्मित सालक केजमा छाडिएको जनाएको छ ।

समूहले यस अघि पनि विभिन्न स्थानहरुमा भेटिएको सालकलाई उक्त केजमा राख्ने गरिएको छ ।

वन समूहले २०६२ सालदेखि सालक संरक्षण गर्दै आएको छ । हाल उक्त समूहको क्षेत्रभित्र करिव २ दर्जन सालक रहेको समूहले जनाएको छ ।

# 'कांग्रेसले मेहनत बढाए एक्लै बहुमत ल्याउन सक्छ'

साझाकुरा संवाददाता



हेटौंडा, ४ साउन/ नेपाली कांग्रेसका नेताहरुले आसन्न प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा कांग्रेसले एक्लै बहुमत ल्याउने दाबी गर्दै त्यसको लागि मेहनत बढाउनुपर्ने बताएका छन् ।

हेटौंडामा कांग्रेस मकवानपुरले बुधबार आयोजना गरेको जनप्रतिनिधिलाई सम्मान तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय उपसभापति सहितका नेताहरुले कांग्रेसले आसन्न निर्वाचनमा बहुमत ल्याउन सक्ने तर, त्यसको लागि अझै मेहनत आवश्यक रहेको बताएका हुन् । कार्यक्रममा बोल्दै उपसभापति पूर्णबहादुर खड्काले कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा बहुमत ल्याउने दाबी गरे । उनले पार्टीको मूलभूत एजेन्डा पूरा गर्न बहुमत आवश्यक रहेको बताए ।

उनले कांग्रेसले चाहेर मात्रै गठबन्धन नभएको बताउँदै दुई तिहाई बहुमत पाएको नेकपाको जनबिरोधी काम, मनलाग्दी र ज्यादतीको अन्त्य गर्न गठबन्धन गरेको बताए । उनले भने, 'अधिनायकवाद, संविधान र लोकतन्त्र बिरोधी गतिविधिले गठबन्धन निर्माण भएको हो ।'

कार्यक्रममा गत वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा निर्वाचित भएका जनप्रतिनिधिहरुलाई सम्मान गरिएको थियो । दुई तिहाई बहुमत पाएको नेकपाको जनबिरोधी काम, मनलाग्दी र ज्यादतीको अन्त्यको लागि गठबन्धन भएको उनले बताए । उनले १२ बुँदे शान्ति सम्झौता पूरा गर्नका लागि काँग्रेसले माओवादी केन्द्रलाई साथमा लिएर सरकारको नेतृत्व गरिरहेको बताए । उनले काँग्रेसको बहुमतको लागि निर्वाचित जनप्रतिनिधिले आफ्नो स्थानीय तहमा पार्टीलाई सघाउ पुग्ने गरी विकास निर्माणका काम गर्न पनि आग्रह गरे ।

उनले काँग्रेसको बहुमतको लागि कार्यकर्ता र क्रियाशील सदस्यहरुले आम मतदाताहरूलाई वर्तमान सत्ता गठबन्धनको मर्म बुझाउन जरुरी रहेको बताए । 'आगामी निर्वाचनमा काँग्रेसले बहुमत ल्याउने लक्ष्य बोकेर अघि बढ्नुपर्छ । काँग्रेसको मूलभूत एजेण्डा पूरा गर्न पनि बहुमतको लक्ष्य पूरा गर्नुपर्छ ।' उनले भने, 'काँग्रेसका कार्यकर्ता र क्रियाशील सदस्यहरुले आम मतदातालाई वर्तमान सत्ता गठबन्धनको मर्म बुझाउन सक्नुपर्छ । काँग्रेस वा शेरबहादुर देउवाले चाहेरमात्र गठबन्धन भएको होइन, यो राष्ट्रिय आवश्यकता हो ।'

नेपाली कांग्रेसकी सह-महामन्त्री महालक्ष्मी उपाध्याय 'डीना' ले आफ्ना उम्मेदवारहरुलाई सफल बनाउन स्थानीय तहमा प्राप्त नतिजाको आधारमा थप मेहनत गरेर अघि बढ्न आवश्यक रहेको औंल्याइन् । उनले आसन्न प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा बहुमत ल्याउनको लागि अहिलेको मात्रै मेहनत पर्याप्त नभएकोले थप मेहनत गरेर अगाडि बढ्नुपर्ने बताएकी हुन् ।

'आसन्न प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा अझै राम्रो गर्न आ-आफ्नो क्षेत्रबाट सबै लाग्नुपर्ने आवश्यकता छ । हामीले स्थानीय तहको निर्वाचनको नतिजालाई आधार मानेर थप सक्रियरुपमा काम गर्नुपर्छ', उनले भनिन् ।

कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्र बहादुर बानियाँले संघ र प्रदेशको निर्वाचनमा उम्मेदवार छनौट क्रियाशील सदस्यबाटै गर्ने व्यवस्था मिलाउन आग्रह गरे । उनले टिकट वितरणको विषयमा पार्टीभित्र विवाद देखिँदा घातअन्तर्घात बढेको भन्दै क्रियाशीलबाटै उम्मेदवार छनौट जरुरी रहेको बताए ।

'पार्टीभित्र आफू केन्द्रीत राजनीति हाबी भइरहेको छ । आफूले टिकट पाए ठीक नत्र बेठीक भन्ने प्रवृत्ति बढिरहेको छ । त्यसकारण क्रियाशीलबाट उम्मेदवार छानौं । विद्युतीय मतदानको व्यवस्था गरौं', उनले भने । सभापति बानियाँले मंसिरको पहिलो हप्ता हुने निर्वाचनमा संघ र प्रदेश दुवै तहमा काँग्रेसको बहुमत ल्याउने गरी जित्ने उम्मेदवारलाई टिकट वितरण गर्न जरुरी रहेको औंल्याए । 'पार्टीभित्र बढ्दो अनुशासनहिनतालाई तोड्न जरुरी छ', उनले भने । उनले स्थानीय तहमा मकवानपुर कांग्रेस पहिलो पार्टी भएपनि जनाधार अझै बलियो बनाउन जरुरी रहेको बताए ।

सम्मान कार्यक्रम कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षता एवम् नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा गत वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा मकवानपुरको स्थानीय तहमा नेपाली कांग्रेसबाट निर्वाचित भएकाहरुलाई सम्मान गरिएको थियो । कांग्रेसले हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखसहितको स्थानीय तहहरुमा जीत हासिल गरेको थियो ।

# हेटौंडा क्याम्पस प्रकरण: कार्यालय सहयोगी निलम्बित

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ स्नातक तह दोस्रो वर्षको परीक्षा दिन हेटौंडा क्याम्पस पुगेका चार जना छात्रामाथि भएको दुर्व्यवहारको घटनामा पीडित र क्याम्पस प्रशासनबीच सहमति भएको छ ।

क्याम्पसले महिला कार्यालय सहयोगीबाट भएको घटनाप्रति क्षमा मागेर उनीहरुलाई निलम्बन गरेपछि पीडित छात्राको परिवार, विद्यार्थी संगठन र क्याम्पस प्रशासनबीच बुधवार सहमति भएको हो । घटना मंगलबार दिउँसोको हो ।



१२ बजेदेखि सुरु हुने परीक्षामा मकवानपुर बहुमुखी क्याम्पसबाट आएका ३ जना छात्रालाई गेटमा जाँच गर्न बसेका कार्यालय सहयोगीहरुले चिट ल्याएको भन्दै पाइन्ट खोल्न लगाए भने एक जना छात्रालाई महिनावारी भएकोले 'प्याड' लगाएको बताउँदासमेत उनीहरुले 'प्याड' खोल्न लगाएको आरोप छ ।

पीडित छात्राहरुले हातमा परीक्षमा सोधिने उत्तरहरु लेखेर क्याम्पस पुगेको *साझाकुरा*सँग स्वीकार गरेका छन् । जाँच गर्न बसेका कार्यालय सहयोगीहरुले हातमा चिट चोरेको देखेपछि आफूहरुलाई भित्र चिट लुकाएको हुन सक्छ भन्दै दुर्व्यवहार गरेको पीडित छात्राले *साझाकुरा*सँग बताइन् । 'हाम्रोपनि गल्ती भएको हो । हामीले हातमा चिट लेखेका थियौं । तर, कपडाभित्र चिट लुकाएर आएका थिएनौं । हामीलाई परीक्षामै निगरानी गरेको भए हुन्थ्यो । हाम्रो गोपनीयताको ख्याल नगरी पाइन्ट र प्याडसमेत खोल्न लगाइयो,' पीडित छात्राले भनिन् । पीडित छात्राहरुले गोपनीयता हनन् हुने गरी जाँच गरिएको र परीक्षार्थीलाई मानसिक तनाव दिएको भन्दै क्याम्पस प्रशासनमा छानबिन गरेर कारबाही गर्न माग गरेका थिए ।

उक्त मागअनुसार क्याम्पस प्रशासनले सबै पक्ष राखेर सहमति गरेको क्याम्पस प्रमुख डा.देवचन्द्र मानन्धरले जानकारी दिए । उनका अनुसार परीक्षा सञ्चालनका क्रममा देखिएका कमजोरीप्रति क्याम्पस प्रशासनले दुःख व्यक्त गर्दै क्षमा मागेको छ ।

'परीक्षार्थी चेकजाँचमा संलग्न कार्यालय सहयोगी दुई जनालाई त्रिविलगायत कुनै परीक्षामा सहभागी हुन नपाउने गरी आजकै मितिबाट निलम्बन गरिनेछ,' सहमति पत्रमा भनिएको छ । घटनाको सत्यतथ्य पत्ता लगाउन छानबिन समिति बनाइएको छ । विभिन्न परीक्षामा सहभागी कर्मचारीहरुबाट परीक्षार्थीहरुमाथि अभद्र व्यवहार भएको भन्ने गुनासोउपर सत्यतथ्य छानबिन गरी क्याम्पस सञ्चालक समितिसमक्ष कारबाहीका लागि सिफारिस गर्न छानबिन समिति गठन गरिएको क्याम्पस प्रमुख मानन्धरले बताए । समितिले तीन दिनभित्र प्रतिवेदन पेश गर्नेगरी जिम्मेवारी दिइएको छ ।

सहमति पत्रमा क्याम्पसको नियमित पठनपाठन, परीक्षालगायतका कार्यक्रम शान्तिपूर्ण तथा सहज वातावरणमा सञ्चालन गर्न/गराउन सहयोग पुऱ्याइने उल्लेख छ । आगामी दिनहरुमा हुने परीक्षा व्यवस्थित, भयरहित र सौहार्द्रपूर्ण वातावरणमा सञ्चालन गरिने प्रतिबद्धतासमेत व्यक्त गरिएको क्याम्पस प्रमुख देवचन्द्र मानन्धरले बताए । मंगलबार छात्रामाथि दुर्व्यवहार भएपछि बुधवार प्रदर्शनमा उत्रिएका विद्यार्थीहरुले क्याम्पसमा तोडफोड गरेका थिए ।

गोपनीयताको हक व्यक्तिको संविधानप्रदत्त मौलिक हक हो । गोपनीयताको हकअन्तर्गत् व्यक्तिको शरीर पनि पर्छ । चिट बोकेको आशंकामा संविधानको मौलिक हक नै खोसिने गरी खानतलासी गर्नु गम्भीर अपराध रहेको अधिवक्ता बालकृष्ण अधिकारीले बताए । परीक्षासम्बन्धी कुनै ऐनले बालिकाको गोप्य संवेदनशील अंगको खानतलासी गर्ने अधिकार नदिएको अधिवक्ता अधिकारीले बताएका छन् ।

# प्रेस युनियनको महाधिवेसनको तयारी पुरा



साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ नेपाली काँग्रेस पार्टीनिकट पत्रकारहरुको संगठन नेपाल प्रेस युनियनको नवौं राष्ट्रिय महाधिवेसनको तयारी पूरा भएको छ । बागमती प्रदेशको राजधानी हेटौंडामा भोलि शुक्रबारबाट सुरु हुने नवौं महाधिवेशनको तयारी पूरा भएको आयोजकले जनाएको छ ।

महाधिवेशनका लागि प्रेस युनियनका केन्द्रीय टोलिसहितका युनियनकर्मीहरु हेटौंडा आउन थालिसकेका छन् । नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रमको तयारी पूरा भएको स्थानीय समन्वय समिति संयोजक एंव केन्द्रीय सदस्य राममणि दाहालले बताए । बुधबार केन्द्रीय अध्यक्ष बद्री सिग्देल, उपाध्यक्ष ईश्वरी ओझा कार्यवाहक महासचिव भीष्मराज ओझा, कोषाध्यक्ष सरोज अधिकारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष कुमार अधिकारी(पोष्टराज) लगायत युनियनकर्मीहरुको उपस्थितिमा बसेको बैठकले महाधिवेसनको सम्पूर्ण तयारी पूरा भएको जनाएको हो ।

महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न प्रेस युनियन मकवानपुरले विभिन्न समिति, उपसमितीहरु गठन गरेर आवश्यक तयारी गरिरहेको प्रेस युनियन मकवानपुरका अध्यक्ष पोष्टराज अधिकारी कुमारले जानकारी दिए । उनले प्रेस युनियनको केन्द्रीय महाधिवेशन हेटौंडामा गर्न पाउनु युनियनको लागि मात्रै नभई समग्र मकवानपुरको लागि गौरवको कुरा भएको भन्दै महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्न आ-आफ्नो स्थानबाट भूमिका खेल्न आग्रह गरे ।

महाधिवेशनमा संघीय संरचनाअनुरुप विधान संसोधनसहित निर्वाचन कार्यक्रमसमेत रहेको छ । देशभरबाट १६ सयभन्दा बढी प्रतिनिधिहरुको उपस्थिति रहने युनियनले जनाएको छ । १६ सय प्रतिनिधिलाई खाना आवासको लागि तयारी पूरा भइसकेको भन्दै उनले आज बिहिबारबाट प्रतिनिधिहरु हेटौंडा आउन थाल्ने बताए । उनले अतिथि, प्रतिनिधि र पर्यवेक्षक गरी करिब दुई हजार जना सहभागी हुने निश्चित रहेको बताए ।

प्रधानमन्त्री, मन्त्री तथा पार्टीका शीर्ष नेतृत्व नै हेटौंडामा हुने भएका कारण सोहीअनुसार सुरक्षाको व्यवस्था मिलाउन जिल्ला प्रशासन, जिल्ला प्रहरी र ट्राफिक प्रहरीलाई अनुरोध गरेको बताए । महाधिवेशनको उद्घाटन, बन्द सत्र र नयाँ कार्यसमिति चयनका लागि हुने मतदानको सम्पूर्ण प्रबन्ध रोयल पार्टी प्यालेसमा हुने गरी व्यवस्थापन गरिएको उनको भनाइ छ । हेटौंडामा रहेका होटलमा मात्र आवास व्यवस्था सम्भव नभएपछि छिमेकी जिल्ला बाराको अम्लेखगञ्ज र चितवनको सौराहामा समेत आवासको व्यवस्था मिलाएको उनले बताए । अधिकारीले भोली शुक्रबार बिहान पल्पसा अगाडिबाट प्रभातफेरी गरिदैं कार्यक्रम स्थल रोयल पार्टी प्यालेसमा महाधिवेशन कार्यक्रम हुने बताए । महाधिवेशनले यूनियनको नयाँ कार्यसमिति चयन गर्नेछ ।

# कामबाट हटाएको भन्दै वडा कार्यालयमा ताला




साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ कैलाश गाउँपालिकामा करार सेवाका कर्मचारी हटाएको भन्दै वडा कार्यालयमा बुधवार ताला लगाइएको छ ।

कैलाशको १ नम्बर वडा कार्यालयमा कार्यरत् कर्मचारीहरुले म्याद थप नगरी जागिरबाट निकालेको भन्दै ताला लगाएका हुन् । कैलाश गाउँपालिकाले करार सेवामा कार्यरत् कर्मचारी हटाएको छ ।

पालिकाले कुनै आधार नखुलाई हटाएको भन्दै आन्दोलन भइरहेको हो । गाउँपालिकाले २ साउनमा सूचना जारी गर्दै करार सेवाका कर्मचारीलाई काममा नआउन उर्दी जारी गरेको थियो । १ नम्बर वडा कार्यालयमा काम गर्दै आएका कार्यालय सहयोगी राजेन्द्र लामाले राजनीतिक प्रतिशोधका कारण कामबाट हटाएको आरोप लगाए ।

कार्यालय सहयोगी आसमान थिङले आफूहरुलाई आधार बिनै कामबाट हटाइएकोले वडा कार्यालयमा ताला लगाएको बताए । 'आफ्नो पार्टीभन्दा फरक आस्था राख्नेहरुलाई करार सेवाबाट हटाउनु गलत छ, यसको विरोध गरेर ताला लगाएका हौं उनले भने । २२ असारमा गाउँ कार्यपालिका बैठकले करार सेवाका कर्मचारीको म्याद थप नगर्ने र १ साउनदेखि काममा नलगाउने निर्णय गरेको थियो । गाउँपालिकाले बिषयगत शाखा, कार्यालय सहयोगी, स्वास्थ्य, न्यायिक समितिमा कार्यरत् करार सेवाका कर्मचारी हटाएको हो ।

## कर्मचारी आवश्यकता

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

Accountant: 1
Store keeper: 1

T.V.S शोरूम



**सम्पर्क फोन**: ०५७-५२०४४६, ९८४५४५७०५१
सितल महलचोक-४

# प्रदेश खारेज गर्न निवर्तमान मेयरको माग

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडा उपमहानगरपालिकाको निवर्तमान मेयर हरिबहादुर महतले संघीयतामा प्रदेश संरचना असफल बनेको बताएका छन् ।

मुलुकमा आर्थिक संकट देखिन थालेको भन्दै सरकारको ठूलो आर्थिक भार रहेको प्रदेश तह खारेज गर्नुपर्ने उनले बताएका छन् । महतले बहालवाला मेयर हुँदापनि प्रदेश खारेज गर्नुपर्ने धारणा राख्दै आएका थिए ।

डोरमणि पौडेल बागमती प्रदेशको मुख्यमन्त्री रहँदा प्रदेश संरचनामाथि प्रश्न नउठाएका उनले एमाले सरकारबाट बाहिरिएसँगै सार्वजनिक कार्यक्रमहरुमा प्रदेश तह खारेज हुनुपर्ने बताउँदै आएका थिए । प्रदेश तहलाई मुलुकले धान्न नसक्ने तर्क उनको थियो । यद्यपि, उनको भनाइलाई चरित्रार्थ हुनेगरी देशभर प्रदेश संरचना खारेज गर्नुपर्ने माग उठ्दै आएको छ ।

निवर्तमान मेयर महतले संघीय सरकारले सात वटा प्रदेश खारेज गर्नुपर्ने बताए ।

-बाँकी ३ पेजमा...

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू**:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# बजेट 'फ्रिज' हुँदा जनताको विकास अलपत्र

बागमती प्रदेश सरकारको गत आर्थिक वर्ष २०७८/७९ मा विभिन्न विकास निर्माण शीर्षकमा विनियोजित करिब साढे १९ अर्ब फ्रिज भएको छ । गत आवमा बागमती प्रदेश सरकारको कूल १९ अर्ब ४४ करोड ४८ लाख ८१ हजार छसय पचास रुपियाँ बजेट फ्रिज भएको पाइएको हो । अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा कूल बजेटको ६९ प्रतिशत बजेट खर्च गर्न सकेको प्रदेश सरकारले गत आवमा ६६ दशमलव १९ प्रतिशतमात्रै बजेट खर्च गर्न सकेको हो ।

नेपालमा साउनबाट सुरु भएको आर्थिक वर्षको असार मसान्तमा गएर समाप्त हुन्छ । आर्थिक वर्षको अन्तिम महिना असार हो । असार वर्षात्को मौसम हुने हुँदा अधिकांश काम सकिने र भुक्तानी लिने काम असारमा बढी हुने गर्दछ । वर्षात्को कारण कतिपय विकास निर्माणको कार्य गुणस्तरीय नहुने हुँदा धेरै गुनासो आउने गरेको छ । यद्यपि, बागमती प्रदेश सरकारले असार महिनामा मात्रै करिब १३ अर्ब रुपियाँ खर्चेको तथ्याङ्क छ । कतिपय योजनाको काम अगाडिदेखि भएर सम्पन्न हुने र भुक्तानी लिन असार मसान्त हुने गर्दछ भने कतिपय योजना तत्काल सम्झौता गरेर हतारहतारमा काम सकेर भुक्तानी लिने प्रकृतिका हुन्छन् । त्यसकारण पनि असारमा बढी खर्च भएको देखिन्छ । तर, असार मसान्तभन्दा अगाडि विकासका कामहरु किन हुँदैनन् भन्ने आम जनताको चासोको विषय बनेको छ ।

बागमती प्रदेश सरकारले गत आवमा सरकार परिवर्तनसंगै बनाएका स-साना करिब दुई हजार तीनसय योजनाले कामको बोझ कार्यालयमा थपिएको छ भने कार्यान्वयन दरमा कमि आएको छ । प्रदेशस्तरबाट लगानी भएका योजना भनेको अलि ठूलो आकारको हुनुपर्दछ । जनतालाई खुशी पार्ने नाममा साना साना योजना वितरण गर्दा जनताले विकासको बदलामा सास्ती भएको पाइएको छ । त्यसैले यसतर्फ सरकारले बेलैमा ध्यान दिनुपर्छ । निर्माण सामग्रीको मूल्यबृद्धि, ठेकेदारको ढिलासुस्ती, कार्यालयबाट हुने ढिलासुस्ती, प्राविधिकहरुबाट समयमै निरीक्षण निर्देशन नहुँदा तथा प्राकृतिक प्रकोपलगायत विविध कारणले योजना सम्पन्न हुन ढिलासुस्ती हुन्छ । मानवीय कारणबाट हुने कमिकमजोरीलाई तत्काल सुधार गरेर विकास निर्माण गतिविधिमा लाग्ने हो भने बजेट 'फ्रिज' हुने दरमा कमि आई जनताको विकास निर्माणको काम अलपत्र हुनबाट जोगिन्थ्यो कि ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन ६ गते शुक्रबार २२ जुलाई २०२२ । श्रावण कृष्णपक्ष नवमी । दिल्लागा ११४२ । सूर्योदय: ५:२२, सूर्यास्त: ६:५७ मा हुनेछ । विपी स्मृति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दया मायाका कार्य हुनेछन् | **तुला** | : व्यापार लाभप्रद रहनेछ |
| **वृष** | : धार्मिक आस्था बढ्नेछ | **वृश्चिक** | : सन्तानको चिन्ता बढ्नेछ |
| **मिथुन** | : अधिक परिश्रम गर्नु पर्नेछ | **धनु** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ |
| **कर्कट** | : मेहनतको फल पाइनेछ | **मकर** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **सिंह** | : कार्यभार र व्यस्तता बढ्नेछ | **कुम्भ** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **कन्या** | : शुभ समाचार मिल्नेछ | **मीन** | : परिवारमा सुखद माहौल रहनेछ |

# बलात्कारविरुद्ध बहस र वास्तविकता

यौन हिंसाका कति घटना लुकाइन्छन्, कति घटना दबाइन्छन् र कति घटना न्यायालयमा वर्षौं अड्किएर बस्छन् । यसैका कारण पनि यौन हिंसापीडित महिलाका लागि न्याय प्राप्ति दुरुह बन्दै गएको छ । जाहेरी दिएको १०-१५ वर्षपछि मात्र पीडकले जाय पाएका घटना थुप्रै छन् भने त्यस्ता फैसलाले पीडितले न्याय पाएको अनुभूति गर्लान् भन्न सकिन्न । बलात्कारमा परेकी दाङकी एक महिलाले १२ वर्षपछि न्याय पाइन् ।



पविता मुडभरी पुडासैनी

केही समयअघि जलेश्वर-८ की निहारिका राजपुत काखमा बच्चा च्यापेर काठमाडौं माइतीघरमा अनशन बसिन् । चिनेजानेकै एक पुरुषले आफूलाई बलात्कार गर्दा गर्भ रही जन्मेको भन्दै बच्चासहित न्याय माग्न अनशन बसे पनि महिला आयोगदेखि न्यायालयसम्म कसैले न्यायको गुन्जायस नदेखाएको उनले बताइन् ।

उनलाई एकातिर बलात्कारीलाई सजाय दिलाउनु छ र अर्कातिर तिनै बलात्कारीलाई आफ्नो बच्चाको बाबुको हक दिलाउनु छ । महिलामाथिका यस्ता बलात्कारजन्य अपराध र चरम पीडाप्रति सरकार किन अनुदार छ ? महिला अधिकारकर्मीहरु किन लाचार छन् ? न्यायालय किन निद्रामा छ ? सिंगो समाज किन मौन छ ? दैनिक ७ वटा बलात्कारविरुद्धका उजुरी प्रहरी सेलमा पर्ने गरेको तथ्यले बलात्कारजन्य हिंसाको बर्बर वास्तविकता उजागर गरेको छ ।

केही समयअघि सौन्दर्य प्रतियोगिताकी प्रतिस्पर्धीमाथि आयोजकबाटै बलात्कार भएको घटना बाहिरियो । आठ वर्षअघि बलात्कार भएको भनिएको उक्त घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगले पनि चासो दिएको छ । संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले बलात्कारका घटनामा उजुरीको हदम्याद हटाउन र दोषीलाई कारबाही गर्न निर्णयसमेत गर्‍यो । बलात्कार मुद्दामा एकबर्से हदम्याद न्याय दिलाउने मामलामा बाधा भएकाले सो संशोधन गरेर अन्तर्राष्ट्रिय मापदण्डको बनाउन राष्ट्रसंघले भनेको छ । काठमाडौंका एक कन्सल्टेन्सी सञ्चालकले एक युवतीलाई आठ वर्षअघि बलात्कार गरेका घटना बाहिर आएपछि एकबर्से हदम्याद हटाउनुपर्ने आवाज हालै संसद्मा पनि जोडतोडले उठ्यो ।

हदम्यादका कारण पीडितको न्यायको ढोका नै बन्द भएको हुनाले हदम्याद बढाउन वा हटाउन महिला सांसदहरुको माग बढी छ । सरकारले संसद्मा पेस गरेको यौन हिंसासम्बन्धी विधेयकमा हदम्याद हटाउनुपर्ने दबाब बढेपछि कांग्रेसका प्रकाश रसाइलीले हदम्याद बढाउँदा विकृति बढ्न सक्ने भन्दै पुरुषहरु नै अन्यायमा पर्न सक्ने आशंका व्यक्त गरे । बलात्कारपछि गर्भ रहन गएमा गर्भपतन गराउने वा बच्चा जन्माउने भन्ने द्विविधामा छट्पटाएकी महिलालाई समाज, परिवार र राज्यले कस्तो प्रकारको न्याय, सहयोग र उपचारको व्यवस्था गर्ने भन्ने पक्षमा मौनता साँध्दै सांसदहरु मजाकमा रमाइरहेका देखियो । इटहरीमा बलात्कारका घटना सार्वजनिक भएको पाँच दिनपछि एक निजी विद्यालयका प्रिन्सिपल आरोपीका रुपमा काठमाडौंबाट समातिए । बालिकाहरुलाई धम्क्याउने, घटना बाहिर नल्याउन आग्रह गर्ने र नमाने स्कुलबाटै निकालिदिने धम्कीसहित २०७४/०७५ मा प्रिन्सिपलले बारम्बार बलात्कार गरेको घटना केही समयअघि बाहिरियो । त्यस्तै अर्को घटना मिस्टर एन्ड मिस कलेज २०२२ को प्रतियोगीमाथि यौन दुर्व्यवहार गरेको आरोपमा निर्देशक पक्राउ परे । विजेता हुनका लागि यौन सम्बन्धको प्रस्ताव राखेको भन्दै युवतीले जाहेरी दिइन् । बलात्कार अभियुक्त एक एमाले सांसद निर्धक्क संसद्मा उपस्थित देखिएका छन् ।

बलात्कारको आरोप लागेका सांसद मुद्दाको टुंगो नलाग्दै संसद्का काम कारबाहीमा उपस्थित भए । आफूलाई होटलमा बोलाएर जबरजस्ती करणी गरेको आरोप जुम्लाकी ४० वर्षीया महिलाले जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिएपछि एमाले सांसद मोहन बानिया पक्राउ परेका थिए । सात दिन हिरासतमा बसेका उनी बाँके जिल्ला अदालतले धरौटीमा रिहा गरेपछि उनी संसद्को बहसमा भाग लिँदै आएका छन् । माओवादी पार्टीका सशक्त नेता कृष्णबहादुर महरा पनि बलात्कार मुद्दामा मुछिएका थिए । अन्तिम फैसला नभएसम्म वा मुद्दाको छिनोफानो नभएसम्म आरोपी संसद्मा फर्कन पाउनु नहुने हो । संसद्मै बलात्कारीको आरोपी भएपछि कानुन बनाउने र न्याय दिने कसले ? कानुनको कमजोरीकै कारण बलात्कार आरोप लागेका सांसद लाज-घिन पचाएर निर्धक्क संसद्मा फर्केको देख्दा पीडितले कसरी न्यायको आशा र विश्वास गर्ने ?

गैरसरकारी संस्थाको हाकिमबाट आफू यौन दुर्व्यवहारमा परेको भन्दै एक महिलाले दुई वर्षपछि मात्र तथ्य खोलेको समाचार पनि केही समयअघि बाहिरियो । पुष्टि गर्न कठिन यो आरोपको खुलासा उनले पछि मात्र किन गरिन् भन्ने प्रश्नको उत्तर गम्भीर छ । हामीले हाम्रा छोरी-चेलीलाई घरमा, समाजमा र शैक्षिक संस्थामा समेत हिंसाविरुद्ध उत्रन होइन, सहन, लुकाउन र स्वीकार्न सिकाएका छौं । हिंसा पीडितलाई इज्जतको डर देखाएर झन् डरपोक र कमजोर बनाएका छौं । हिंसाविरुद्ध उत्रन खोज्ने आफ्नै छोरी-बुहारीलाई परिवारबाट बहिष्कार गरी थप पीडित बनाउँदै आएका छौं । इज्जत जोगाउने नाउँमा यौन हिंसा गर्नेलाई नै आफ्ना छोरी-चेली जिम्मा लगाउन हतारिने गरेका छौं । काठमाडौंकै चावहिलस्थित एक उच्चमाविका शिक्षकबाट विद्यार्थीहरु यौन दुर्व्यवहारका सिकार भएको घटना बाहिरिएको छ । छात्राहरुले होहल्ला गरेपछि घटना छताछुल्ल भयो । लेखक सरिता तिवारीसम्मका यौन दुर्व्यवहारको घटना बाहिरिएसँगै सुन्दरी प्रतियोगिताकी प्रतियोगीले, विद्यालयकी छात्राले, वृद्धाले र लेखकले समेत यौन दुर्व्यवहारका घटना एकपछि अर्को सार्वजनिक गरिरहेको तथ्यले हाम्रो समाज कता गइरहेको छ भन्ने प्रश्न उब्जाएको छ । यौन हिंसाविरुद्ध तत्काल उत्रन महिलालाई शारीरिक र सांस्कृतिक दुवै दुर्बलताले छेकेको हुन्छ । हिंसा गर्ने मानसिकताका आक्रामक पुरुषविरुद्ध जाइलाग्न सक्ने महिला हामीले परिवार, समाज र कानुनत: अझै तयार पार्न सकेका छैनौं ।

न त पुरुषहरुलाई नै हिंसा गर्न हतोत्साहित गर्ने सशक्त कानुन, कार्यक्रम र अभियान सञ्चालन भएका देखिन्छन् । यो अवस्थामा महिलाहरुले वर्षौंपछि आएर यौन हिंसाका घटना बाहिर ल्याउन प्रहरीमा जाहेरी दिँदा प्रहरीले आरोपीलाई फरार भन्दै उम्काउने गरेका वा समाउन नसकेका घटना कैयौं छन् । अपराधमा संलग्नलाई तत्काल पक्राउ नगर्दा अनुसन्धान कार्य फितलो हुँदा आफू सुरक्षित छैन भन्ने चिन्ता बढेको पीडित महिला बताउँछन् । वर्षौंअघि बलात्कृत भएकालाई न्याय दिँदा सरकारले तिनका बोलीलाई नै प्रमाण मानोस् भन्ने आग्रह यौन हिंसापीडितको छ ।

बलात्कारबाट जन्मिएका बालबालिकाका कानुनी हैसियत र शिक्षादीक्षाको व्यवस्था सरकारले गर्नुपर्ने हो । समय भएसम्म गर्भपतनको सेवा-सुविधा उपलब्ध गराउनुपर्ने हो, गाँस, बास, कपासको व्यवस्थापन गर्नुपर्ने हो । हाम्रो दैलामै रहेको स्थानीय सरकारले हिंसापीडित महिलाको राम्ररी वस्तुस्थिति बुझेर तिनलाई न्याय प्राप्तिका लागि सहजीकरण गर्न सक्छ । इज्जत जाने डरले लामो समय घटना गुपचुप राख्दा प्रमाण मेटिए पनि तिनको बोलीलाई नै प्रमाण मानेर अनसुन्धान र न्यायिक कार्य अघि बढाउनुपर्छ । बलात्कार जन्य हिंसाविरुद्ध साहस बटुलेर बोल्नेलाई समाजले प्रोत्साहन गर्ने अवस्था सिर्जना गर्नुपर्छ ।

यौन हिंसाका कति घटना लुकाइन्छन्, कति घटना दबाइन्छन् र कति घटना न्यायालयमा वर्षौं अड्किएर बस्छन् । यसैका कारण पनि यौन हिंसापीडित महिलाका लागि न्याय प्राप्ति दुरुह बन्दै गएको छ । जाहेरी दिएको १०-१५ वर्षपछि मात्र पीडकले जाय पाएका घटना थुप्रै छन् भने त्यस्ता फैसलाले पीडितले न्याय पाएको अनुभूति गर्लान् भन्न सकिन्न । बलात्कारमा परेकी दाङकी एक महिलाले १२ वर्षपछि न्याय पाइन् । बलात्कारीलाई सर्वोच्च अदालतले १२ वर्षपछि १६ वर्षको कैद सजाय सुनायो । सामूहिक बलात्कारमा परेकी पीडित युवतीलाई पीडकद्वयबाट ५०-५० हजार रुपियाँ र पीडित राहत कोषबाट ५ लाख रुपियाँ क्षतिपूर्ति दिन अदालतले आदेश दिए पनि परिवार र समाजले सहजै नस्वीकारेसम्म पीडितले न्याय पाएको ठहरिन्न ।

२०७७।०७८ मा मात्र दैनिक ९.८१ प्रतिशत यौनजन्य अपराधका घटना भएको देखिन्छ । पितृसत्तात्मक समाजमा बलात्कारको विषय उठ्नासाथ महिलालाई नै नकारात्मक दृष्टिकोणले हेरिन्छ । पुरुषको नि:सर्त रक्षा गरी बलात्कारका पीडामा रहेकीलाई आरोप लगाइन्छ । केही समयअघि एमाले सांसद गंगा चौधरी र कांग्रेस सांसद प्रकाश रसाइलीबाट यस्तै अभिव्यक्ति बाहिरिए । बलात्कारका कानुनी उपचारका लागि एक वर्षको हदम्याद उचित होइन ।

किनभने बलात्कृतले तुरुन्त यसविरुद्ध उत्रँदा समाज र परिवारले के भन्ने हुन्, चरित्रप्रतिको शंका आदि कारणले तुरुन्तै जाइलाग्न सक्दैनन् । यौन हिंसाका घटना सार्वजनिक गर्दा सुरक्षा, सहयोग र सहानुभूति पाउने अवस्था अत्यन्त क्षीण छ । यस्ता महिलालाई न्याय प्राप्तिसँगै आर्थिक सहयोग र मनोवैज्ञानिक उपचार आवश्यक हुन्छ ।

बलात्कार पुस्तान्तरण हुँदै आएको महिला हिंसाको चरम रुप हो । बलात्कारविरुद्ध पुरुषलाई फाँसी दिने वा नपुंसक बनाउनेसम्मका मागहरु उठिरहँदा हाम्रो घरमा छोरी मात्र छैन, छोरा पनि छ भनेर छोराकै संरक्षण र बचाउमा हाम्रो ध्यान गइरहेको हुन्छ । फितलो कानुन र पुरुषत्वको अहंताले पनि बलात्कार बढाइरहेको छ । बलात्कारलाई महिलाको इज्जतसँग जोडेर हेरिने प्रवृत्तिले यस्ता घटना तत्काल सतहमा आउँदैनन् र बलात्कारीलाई यौन हिंसा गर्न बल बढ्छ ।

संसारभर नै बलात्कारलाई जघन्य अपराध मानिने हुनाले राज्यले नै पीडितलाई न्याय र पीडकलाई सजायको व्यवस्था गरेको हुन्छ । मनोवैज्ञानिक परामर्श र आर्थिक सहयोगविना पीडकलाई जेल हालेर मात्र नेपालका सन्दर्भमा यौन हिंसाविरुद्ध न्याय प्राप्तिको अनुभूति हुँदैन । कडा कानुनी व्यवस्थाका कारण बलात्कारीको मनोबल गिराएर यौन हिंसाका घटनालाई निरुत्साहित गर्नुपर्छ ।

अभियुक्तलाई संरक्षण गर्ने, घटनालाई सामान्यीकरण गर्ने र पुरुषबाट प्रशंसा पाउन महिलाले नै महिलालाई दोष देखाउने प्रवृत्ति पनि बेला-बेलामा देखिएकै छ । सांसद गंगा चौधरीले मन मिलुन्जेल लभ भन्ने र मन नपरेपछि रेप गरेको आरोप लगाउने प्रवृत्तिका कारण यौन हिंसाविरुद्ध उजुरीका लागि हदम्याद बढाउन नहुने जिकिर गर्दै आएकी छिन् । हदम्याद बढाउँदा महिलाका प्रतिशोधमा परेका निर्दोष पुरुष दण्ड सजायको भागी हुन सक्ने जिकिर उनको छ । राजनीतिक तथा आर्थिक शक्तिको बलमा बलात्कारीले न्यायको संघारमा सफाइको सुविधा पाइरहने अवस्थाको अब अन्त्य हुनै पर्छ । पीडकको दबाब र प्रलोभनमा परेर अदालतमा बयान फेर्ने र मिलेमतो गर्ने कार्य हटाइनुपर्छ । मूलत: समाज, परिवार र राज्यका सम्पूर्ण अंगहरुमा रहेको जब्बर पितृसत्ताको अन्त्य हुनुपर्छ । *-साभार:नेपाल समाचारपत्र*

# नेपालमा बेरुजुको अवस्था र सुधारका उपाय

संवैधानिक निकायमा बसिरहँदा धेरै कुराहरु आफैंले व्यवस्थापन गर्नुपर्ने हुन्छ । नेपालको संविधान नेपालको लेखापरीक्षकहरुलाई चाहिने जति अधिकार दिएको छ । अरु देशहरुमा दिएभन्दा पनि बढी अधिकार नेपाली अडिटरहरुलाई दिएको छ । लेखापरीक्षकलाई औचित्यको अधिकार दिएको छैन । त्यो नेपालमा मात्रै छ । ऐन नियम, मान्यता सबै पूरा गरेको छु काम भएको छ भने पनि त्यो गर्नुपर्ने थिएन, अहिले प्राथमिकता थिएन भन्न पाइन्छ ।

प्राकृतिक स्रोत साधनहरुमा, राजस्व तलमाथि हुन लाग्यो । पट्टा लाइसेन्स वा अनुमति दिनेमा केही हुन लाग्यो । त्यसमा रोक्न सकिन्छ । तर यति हुँदाहुँदै पनि यो भन्दा अगाडि महालेखाका कर्मचारीहरु बाहिर बसेर काम गर्नुपर्ने थियो । अहिले चार वर्ष लगाएर कार्यालय बनेको छ । कर्मचारी बस्न सहज भएको छ । लेखापरीक्षकलाई अन्तर्राष्ट्रिय प्रचलन अनुसार पनि तीन चारवटा कुरामा स्वायत्तता र स्वतन्त्रता हुनुपर्छ । हाम्रोमा संविधान अनुसार स्वतन्त्रता छ तर व्यवहार र प्रचलनमा स्वयत्तता र स्वतन्त्रताको कमी छ । नेपालको महालेखा परीक्षक कार्यालयमा नेपाल सरकारका कर्मचारीहरु रहेका छन् ।

यो नै ठूलो समस्या रहेको छ । लेखा प्रशासन र सञ्चालन नेपाल सरकारले गर्छ । हुनुपर्ने महालेखा परीक्षक कार्यालयबाट नै हो । लेखा परीक्षकहरुले अनुशासनभन्दा बाहिर गएर काम गर्दा कारबाहीको लागि अरुलाई गुहार्नुपर्छ भने राम्रो काम गर्नेलाई पनि महालेखाले दिन केही गर्न अवस्था छैन । सरकारी तथा विभिन्न संस्थान समितिहरुको लेखापरीक्षण महालेखाबाट हुने गर्छ । महालेखापरीक्षकको लेखा परीक्षण कसले गर्छ भन्ने प्रश्न धेरैतिर आउने गरेको छ । महालेखापरीक्षक कार्यालयको लेखापरीक्षण गर्ने छुट्टै निकाय छ । छुट्टै विभाग रहेको छ । संवैधानिक हेर्ने जुन विभाग छ । त्यो विभागको मान्छेले महालेखाको पनि लेखापरीक्षण गर्छ । महालेखापरीक्षक कार्यालयमा पनि बेरुजु देखिएको छ भने त्यो कुराहरु पनि बाहिर आउने गर्छ । महालेखापरीक्षक कार्यालयको चार वर्षको अन्तरालमा अन्तर्राष्ट्रिय स्तरमा नै महालेखापरीक्षकको मूल्यांकन गर्छ । सन् २०१४ मा भारतको कन्ट्रोलर जेनेरेटर अडिटर



टंकमणि शर्मा

जेनेरल अफिसले हाम्रो मूल्यांकन गरेको थियो । अघिल्लो साल थाइल्याण्डको महालेखा परीक्षक कार्यालयले मूल्यांकन गरेको थियो ।

सरकारको कुनै एक कर्मचारीले आर्थिक र वित्तीय उत्तरदायित्वसम्बन्धि काम कस्तो छ उसको भनेर मूल्यांकन गर्न सकिन्छ । कुनै एक कर्मचारीको पाँच वर्षमा कहाँ बस्दा कस्तो काम गर्‍यो मूल्यांकन गर्न सकिन्छ । त्यो गरेर जानुपर्छ भन्ने लागेको छ । अहिले जति धेरै अनियमितता देखिएको छ । त्यो धेरै एकाउण्टमा काम गर्ने कर्मचारीहरुले बढी जिम्मेवारी बोध नगरेको कारण बेरुजु देखिएको हो । एकाउण्टले समयमा नै हिसाव किताव पेस नगर्ने, नमिलेको कुराहरु समयमा नै नमिलाउने र कागजपत्रहरु पेस नगर्ने भएको यस्तो पाएका छौं ।

महालेखासँग कुरा भएको छ । कुन कर्मचारीले कसरी काम गर्‍यो भनेर रेखदेख गरिदिनुपर्छ भन्ने कुरा भएको छ । केही सिस्टमको समस्या पनि प्रमुख रहेको छ । १ लाख ५५ हजार मुद्दा मध्ये धेरै असुल गर्ने भन्दा पनि सिस्टमका रहेका छन् । वर्षान्तमा रकामान्तर गर्ने, वर्षातमा खर्च गर्ने र अर्थविधिमा रकम राखेर खर्च गर्ने प्रणाली सुधारको लागि एक दशकदेखि भनिएको छ तर भएको छैन । त्यसमा महालेखाले सुनिश्चितता गर्न सक्दैनौं । आर्थिक वर्षको अन्त्यमा पैसा निकासा भएर खर्च भएको छ भने महालेखाले खर्च भयो वा भएन यकिन गर्न सक्दैन ।

**बेरुजुको अवस्था**

अघिल्लो वर्ष आर्थिक वर्ष र २०७७/०७८ सालको सरकारको बेरुजु प्रतिशतमा कम रहेको देखिन्छ । तर अघिल्लो सालदेखि सरकारको वित्तीय नियमावलीमा फर्स्योट हुन बाँकी पेस्कीमध्ये म्याद ननाघेको पेस्की अथवा फर्स्योट हुन बाँकी रहेको पेस्कीलाई बेरुजु नमान्ने भनिएको छ । त्यो कारणले यो वर्ष अलि घटेको जस्तो देखिएको छ । तर पेस्कीसमेत जोड्यो भने उस्तै उस्तै रहेको छ ।

अद्यावधिक बेरुजु अघिल्लो वर्ष ४ खर्ब १८ अर्ब ८५ करोड थियो । यस वर्ष फर्स्योट ५० अर्ब ८७ करोड भएछ । विगतको खुद बाँकी रहेको ३ खर्ब ६८ अर्ब ५४ करोड बाँकी रह्यो । अहिले १ खर्ब १५ अर्ब ५ करोड ५१ लाख यो साल थपिएको छ । यो थप समेत जोड्दा ४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख अहिलेसम्मको जम्मा बेरुजु रहेको छ । २०६० सालपछि अर्थात् १८ वर्ष यताको सरकारी कार्यालयहरुको मात्रै हो । राजस्व बक्यौता सबै भन्दा ठूलो समस्या देखिएको छ । यसमा आन्तरिक र अन्य सबै प्रकारका राजस्वहरु छन् । त्यो हेर्दा २ खर्ब १५ अर्ब ५६ करोड अघिल्लो सालमा थियो । यो पटक यस्तो बक्यौता अझ बढ्दै गएको छ । ९७ करोड थपिएको छ । थप भएर ३ खर्ब १२ अर्ब ६५ करोड रुपैयाँ यो वर्ष बाँकी भयो । वैदेशिक अनुदान र ऋण गरेर करिव २४ अर्ब जति जसमा अनुदानतर्फ ११ अर्ब ५६ करोड ९८ लाख ऋणतर्फ १२ अर्ब ३६ करोड ९१ लाख रुपैयाँ रहेको छ ।

म्याद नाघेको २ अर्ब बराबर रहेको छ । यो गरेर ३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख हुन्छ । अहिलेसम्मको जम्मा बेरुजु ४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाखमा ३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख जोड्दा राज्यले बक्यौता तिर्नुपर्ने रकम ८ खर्ब २९ अर्ब १५ करोड हुन्छ । अघिल्लो वर्षसम्म ६ खर्ब ७६ अर्ब हिसाव निकालेका थियौं । अहिले १ खर्ब ५३ अर्बले बढ्यो । यो बढ्नु भनेको बेरुजु बढ्यो र फर्स्योट ५० अर्ब मात्रै भयो । अर्थ मन्त्रालय अन्तर्गत नै ४० प्रतिशत बेरुजु रहेको छ । पुँजीगत खर्च बढी गर्ने मन्त्रालयहरुको १२ मन्त्रालयको मात्रै ९० प्रतिशत बेरुजु रहेको छ ।

**बजेट खर्चमा समस्या**

सरकारको २०७७/०७८ सालको सरकारी बजेट खर्च हेर्दा ८९ प्रतिशत भएको छ । पुँजीगत खर्च ६४.८४ प्रतिशत भएको छ । वित्तीय व्यवस्थापन साँवा ब्याज भुक्तानीतर्फ ७० प्रतिशत भएको छ । समग्रमा पुँजीगत खर्च ८१ प्रतिशत मात्रै भएको छ । बजेट अनुमान अनुसार हेर्दा ८१ प्रतिशत देखिन्छ । अन्य आर्थिक मामिलामा ६० प्रतिशतमात्रै खर्च भएको छ । अन्य सामाजिक सुरक्षामा ६५ प्रतिशत र स्वास्थ्यमा ४३ प्रतिशत मात्रै खर्च भएको छ ।

हामीले १ लाख ५५ हजार विषयमा टिप्पणी गरेका छौं । १ लाख ५५ हजार विषयमा कैफियत देखिइएको छ । योमध्येमा देखिएको असुल गर्नुपर्ने रकम ३३ अर्ब ७४ करोड ७९ लाख भनेका छौं । लिएर, खाएको, दिएको भनेकै ३३ अर्ब रहेछ त्यो २९ प्रतिशत हुन्छ । अर्को नियमित गर्नुपर्ने भनेको ६० प्रतिशत रहेको छ । ६९ अर्ब ६१ करोड ४३ लाख छ । पेस्की बाँकी १० प्रतिशत हुन्छ । १ खर्ब १५ अर्ब ५ करोड ५० लाखको कारोबारको जम्मा असुल गर्नुपर्ने २९ प्रतिशत, नियमित गर्ने ६० प्रतिशत र पेस्की बाँकी १० प्रतिशत रहेको छ । सबै भन्दा ठूलो समस्या नियमितमा रहेछ ।

त्यो भनेको कारोबार गर्दा अनियमित भएको प्रमाण कागजहरु पेस नभएको जिम्मेवारी नलिएको जस्ता कुराहरु बेरुजुमा पर्छ । यसमा धेरै विषयहरु रहेका छन् । पहिलो स्रोत परिचालनमा समस्या रहेको छ । जसमा करको दायरा बिस्तार हुन सकेन, आयातमा निर्भर राजस्व रह्यो । राजस्व परिचालन न्यून रह्यो । राजस्व चुहावट नियन्त्रण भएन । भन्सार बिन्दुमा नै मालवस्तुको मूल्यांकन भएन । राजस्व छुट भयो तर अनुगमन प्रणाली भएन । त्यस्तै वैदेशिक प्रतिवद्धता अनुसार लगानी सहायता भएन । प्रत्यक्ष वैदेशिक लगानी पनि बढ्न सकेन । स्रोत परिचालनमा यस्ता समस्या देखियो ।

त्यसपछि योजना तर्जुमा र कार्यान्वयनमा समस्या देखियो । आयोजनाको प्राथमिकता छनोट राम्रो भएन । योजनाहरु समयमा नै सम्पन्न भएन । आयोजनाको मूल्यांकन र अनुगमन नतिजामुखी भएन । यस्ता विषयहरुमा बजेट तर्जुमा र कार्यान्वयनको सन्दर्भमा विकास निर्माण, सार्वजनिक सम्पत्ति, सार्वजनिक संस्थानहरु व्यवस्थापनको सन्दर्भमा र अर्थतन्त्रको समग्र विषयमा मूल्यवृद्धि सीमा भन्दा माथि गयो ।

*-बाँकी ३ पेजमा....*

# नेपाल–चीन संयुक्त सीमा अनुगमन गरिने



काठमाडौँ, ४ साउन (रासस)/ नेपाल-चीनबीच संयुक्त सीमा अनुगमन हुने भएको छ । दुई देशको सीमा मामिला सम्बन्धका अधिकारीबीच सीमा अनुगमन गर्ने विषयमा सहमति भएको छ ।

सीमा मामिलासम्बन्धी भएको भर्चुअल बैठकले यही जुलाई १४ मा परराष्ट्र मन्त्रालयका उत्तर पूर्वी एसिया महाशाखा प्रमुख र चीनको परराष्ट्र मन्त्रालयको सीमा तथा सामुद्रिक मामिला विभागका प्रमुखको नेतृत्वमा सीमा अनुगमन गर्ने सहमति गरेको हो । लामो समयदेखि नेपाल-चीनबीच संयुक्त सीमा निरीक्षण नभएकाले आपसी परामर्शद्वारा उक्त कार्य अघि बढाउने सहमति भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी दिए ।

अनुगमन गर्ने र देखिएका विषयलाई संयुक्तरुपमा प्रतिवेदन तयार हुने उनले जनकारी दिए । “अनुगमनका लागि एउटा मोडालिटी तयार गर्न बाँकी नै रहेको र त्यसपछि मात्रै कहाँ जाने, कसरी जाने, कहाँबाट अनुगमन गर्ने, भनेर एकीकृत फ्रेमवर्क तयार भएर जानेछ”, लम्सालले भने ।

नेपाल र चीनबीच सन् १९६३ मा अन्तिमरुप दिइएको सम्झौतामा हरेक १०-१० वर्षमा सीमा अनुगमन गरी अध्यावधिक गर्ने उल्लेख छ तर नियमित अनुगमन हुन सकेको छैन । परराष्ट्र मन्त्रालयमा बिहीबार भएको नियमित पत्रकार भेटघाटका क्रममा प्रवक्ता लम्सालले कोभिड-१९ संक्रमणका महामारीसम्बन्धी आवश्यक स्वास्थ्य मापदण्ड अपनाइ नेपाल-चीन सीमा केरुङ-रसुवागढी नाकालाई व्यापारका लागि दुईतर्फी खुला गर्ने र हिल्सा नाका एकतर्फीरुपमा खुला गर्ने विषयमा पनि सहमति भएको जानकारी दिए ।

यस्तै नेपाल र चीनको तिब्बतस्थित स्थापित व्यापार सहजीकरण समितिको १०औँ बैठक जुलाई १८ मा सम्पन्न भएको र उक्त बैठकमा सीमा नाकामा भौतिक पूर्वाधार निर्माण, दुई पक्षीय व्यापारमा सहजीकरण, वैदेशिक लगानी, व्यापार पूर्वाधारको विकास, पारवहन सुविधाका साथै भन्सार प्रक्रियामा सरलीकरण र चिनियाँ सहयोगमा निर्माणाधीन रसुवाको टिमुरे सुक्खा बन्दरगाह यथासक्य छिटो सम्पन्न गर्ने विषममा पनि छलफल भएको उनले जानकारी दिए ।

उनले हालैमात्र मित्रराष्ट्र जनवादी गणतन्त्र चीनबाट चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ जियानचाओले असार (२६-२९) सम्म नेपालको भ्रमण गरेको र भ्रमणका क्रममा राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्रमन्त्रीलगायत राजनीतिक दलका नेतृत्वसँग भेटघाट गरेको जानकारी दिए ।

उनले श्रीलङ्कामा पछिल्लो समयमा घटिरहेको घटनाक्रमप्रति दु:ख व्यक्त गर्दै अन्य मित्रराष्ट्रका रुपमा रहेको मुलुक अफ्ठेरोस्थितिमा रहेका बेला त्यसप्रति नेपाल संवेदनशील रहेको र त्यसबाट सिकेर सतर्कता अपनाउनुपर्ने आवश्यकतामा जोड दिए । प्रत्रकारको एक जिज्ञासामा उनले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को भारत भ्रमण राजनीतिक दलको निमन्त्रणमा भएको र भेटघाट आफ्नै किसिमले तय भएको जानकारी दिँदै आवश्यकता आधारमा दूतावासमार्फत आवश्यक सहजीकरणको गरिएको जानकारी दिए ।

***राजदूतका लागि चार मुलुकबाट सहमति प्राप्त हुन बाँकी***

परराष्ट्र मन्त्रालयले विभिन्न २० जना नेपाली राजदूतका लागि तत्तत् मुलुकबाट सहमति प्राप्ति गर्न अनुरोध गरिएकोमा १६ मुलुकबाट सहमति प्राप्ति भएको जानकारी दिएको छ ।

नेपाल सरकारकोगत चैत २४ को निर्णयअनुसार अहिलेसम्म चार मुलुकबाट भने सहमति प्राप्ति हुन बाँकी रहेको परराष्ट्रका प्रवक्ता सेवा लम्सालले बताए ।

उनका अनुसार १३ मुलुकका लागि नेपाली राजदूतको घोषणा भइसकेको र तीन मुलुकका लागि नियुक्तिको प्रक्रियामा रहेको छ । उनले चार मुलुकका राजदूत कार्यभार सम्हाल्न गइसकेको र चार मुलुकबाट सहमति प्राप्त हुन बाँकी रहेको जानकारी दिए । प्रवक्ता लम्सालले परराष्ट्र सचिव भरतराज पौडेल नेतृत्वको प्रतिनिधिमण्डल मंगलबार मोरक्को प्रस्थान गरेको पनि जानकारी दिए ।

***एसपिपी***

अमेरिकाको स्टेट पाटनरसिप प्रोग्राम (एसपिपी) लाई अघि नबढाउने मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनका लागि सरोकार राख्ने सरकारी निकार्यबीच छलफलको आवश्यकता रहेको परराष्ट्र मन्त्रालयका प्रवक्ता लम्सालले जानकारी दिए ।

उक्त कार्यक्रममा सहभागी नहुने भनी अमेरिकामा जवाफ पठाउनु अघि यसअघि आइरहेका र भइरहेका सहयोगलाई कसरी समेट्ने भन्ने कुरालाई हेर्नुपर्ने महत्वपूर्ण विषय रहेको उल्लेख गर्दै उनले त्यस विषयमा सरकारका ती निकायबीच छलफल गर्नुपर्न आवश्यकता देखिएको जानकारी दिए ।

अमेरिकाबाट यसअघि पनि विपद्लगायतका विभिन्न क्षेत्रमा सहकार्य भइरहेको सन्दर्भ जोड्दै लम्सालले भने, “राम्रोसँग छलफल गरेर टुङ्गोमा पुग्नुपर्ने देखिएको छ ।”

## राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक दासानायकेको राजीनामा



काठमाडौँ, ४ असार (रासस)/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक पुबुदु दासानायकेले राजीनामा दिएको छ । श्रीलङ्काली मुलका क्यानेडियन प्रशिक्षक दासानायकेले आफ्नो व्यक्तिगत समस्या देखाउँदै बिहीबार आयोजित पत्रकार सम्मेलनमा आफनो पदबाट राजीनामा घोषणा गरेको हो ।

उनले आफ्नो निर्णय अहिलेसम्मकै कठिन निर्णय रहेको भन्दै व्यक्तिगत कारणले राजीनामा दिनुपरेको बताए । नेपाल क्रिकेट संघ (क्यान)ले प्रशिक्षक दासानायकेलाई गत गतवर्ष मंसिरमा खुला छनोटबाट दुई वर्षका लागि दोस्रो पटक नियुक्त गरेको थियो । उनले एक वर्ष पनि नपुग्दै पदबाट राजीनामा दिएको छ ।

दासानायकेले सन् २०११ देखि २०१५ सम्म नेपाली राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी बहन गरेको थियो । उनको पहिलो कार्यकालमा नेपालले निकै ठूलो र ऐतिहासिक सफलता हासिल गरेको थियो । सन् २०१४ मा बङ्गलादेशमा आयोजित आइसिसी टि-ट्वान्टी विश्वककप प्रतियोगितामा नेपालले पहिलो पटक सहभागिताको मौका पाएको थियो ।

त्यस्तै उनकै प्रशिक्षणमा नेपालले डिभिजन चारदेखि एकसम्मको यात्रा तय गरेको थियो । उनको पहिलो कार्यकाल निकै फलदायी भए तापनि दोस्रो कार्यकालले खासै सफलता हासिल गर्न सकेन ।

यसैसाता स्कटल्याण्डमा सम्पन्न आइसिसी विश्वकप क्रिकेट लिग दुईअन्तर्गत घरेलु टोली स्कटल्याण्ड र नामिवियावीचको त्रिकोणात्मक एकदिवसीय सिरिजमा सफलता हासिल नगरेपछि उन आलोचित बन्न पुगेको थियो ।

त्यतिबेला नेपालले खेलेका चारमध्ये तीन खेलमा हार र एक खेलमा जित हात पारेको थियो । पछिल्लो समय राष्ट्रिय क्रिकेट टोलीको खराब नतिजाका कारण उन दबाबमा परेको थियो ।

# नेपाली रड पहिलो पटक भारत निर्यात सुरु



काठमाडौँ, ४ साउन (रासस)/ वर्तमान सरकारले चालु आर्थिक वर्षको बजेटमा प्रस्तुत गरेको प्रावधानका कारण नेपाली उद्योगीले सिमेन्ट र रड निर्यात गर्न थालेका छन् । बजेटमा निर्यातमा नै छुट दिने व्यवस्था गरिएकाले उद्योगी व्यवसायीले निर्यात सुरु गरेका हुन् । यसबाट व्यापार घाटा घटाउन सहयोग पुग्ने विश्वास लिइएको छ ।

बजेटमा निर्यातमा छुटको घोषणा भएसँगै श्री स्टिलले बिहीबार देखि रड निर्यात गर्न लागेको हो । रुपन्देहीको सेमरहवामा सञ्चालित उक्त उद्योगले पहिलो चरणमा बिहीबार दुई ट्रक रड भारत निर्यात गर्न लागेको जनाएको छ ।

उद्योगका सञ्चालक राजेश अग्रवालले बिहीबारदेखि औपचारिक रूपमा रड भारत निर्यात गर्न लागिएको जानकारी दिए । उनले सरकारले निर्यातमा सहजीकरणको घोषणा गरेसँगै रड निर्यात सुरु गर्न लागिएको बताए ।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले उच्च निर्यात सम्भावना भएको क्लिङ्कर, सिमेन्ट, स्टिल, फुटवेयर र प्रशोधित पानी तथा सूचना प्रविधिमा आधारित क्षेत्र पहिचान गरी निर्यात प्रवर्द्धन गर्ने व्यवस्था बजेटमा गरेको छ । त्यस्ता वस्तुमा आठ प्रतिशतसम्म नगद अनुदान उपलब्ध गराइने गरी बजेट सार्वजनिक गरेको थियो । बजेटमार्फत नै सरकारले निर्यातमा सहजीकरण गरेपछि सिमेन्ट, रड उद्योगीले निर्यात गर्न थालेका हुन् । पहिलो चरणमा परीक्षणस्वरुप ५० टन रड निर्यात गर्न लागिएको छ ।

नेपालको व्यापार घाटा कम गर्ने उद्देश्यका साथ भारतीय बजारमा रड पठाउन लागेको उद्योगीले जानकारी दिएका छन् । उनले श्री स्टिलले भारत सरकारबाट गुणस्तर प्रमाणीकरण अनुमति पाएसँगै परीक्षणका लागि रड निर्यात सुरु गरिएको जानकारी दिए । सरकारले निर्यातमा नगद छुटको घोषणा गरेसँगै यसअघि तानसेन सिमेन्ट उद्योगले नेपाली सिमेन्ट भारत निकासी सुरु गरिसकेको छ । सोसँगै अर्घाखाँची, जगदम्बा, सर्वोत्तम र सौर्य सिमेन्टले नेपाली सिमेन्ट भारत निर्यातका लागि तयारी थालेका छन् । उक्त उद्योगहरूले भारत सरकारबाट गुणस्तर प्रमाणीकरणको अनुमतिको पखाईमा रहेको जनाएका छन् ।

भारत सरकारले गुणस्तर प्रमाणीकरणको अनुमति दिनै १५ महिनाभन्दा बढी समय लगाएको भन्दै व्यवसायीले दुई देशका सरकार बीच समन्वय गरेर सहज रूपमा अनुमति दिनुपर्ने माग राखेका छन् ।

# नेप्से परिसूचकमा झिनो अंकको वृद्धि



काठमाडौँ, ४ साउन (रासस)/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार पनि झिनो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४.८९ अंकले उकालो लागेर दुई हजार ५०.५९ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.९७ अंकले उकालो लागेर ३९२.५० मा पुगेको छ ।

कूल २१७ कम्पनीको ४१ लाख ३३ हजार ७०९ कित्ता शेयर एक अर्ब ७३ करोड १८ लाख ३२ हजार २७० मूल्यमा खरिद बिक्री भयो । कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्य ओरालो लागेको छ भने आठ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । बैंकिङ ०.६२, व्यापार १२.१७, होटल तथा पर्यटन ९.७५, जलविद्युत् १२.६२ र जीवन बीमा २८.२२ अंकले ओरालो लागेको छ ।

त्यस्तै, विकास बैंक ५.३५, वित्त ३१.३६, निर्जीबन बीमा ५६.१९, उत्पादन ६३.४२, अन्य १७.२३, लघुवित्त ७.९९, सामूहिक लगानी कोष ०.०२ र लगानी ०.४८ अंकले उकालो लाग्यो । आजको कारोबार पछि बजार पुँजीकरण २९ खर्ब २८ अर्ब ३४ करोड ३६ लाख ५१ हजार ८८३ बराबर भएको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको १६ करोड ४२ लाख ५९ हजार ९१७ बराबरको कारोबार भयो । यस्तै, हिमालयन डिस्टिलरी सात करोड ३१ लाख ३६ हजार, आइसिएफसी फाइनान्स पाँच करोड ३१ लाख दुई हजार ८२७, गुर्खाज फाइनान्स पाँच करोड २२ लाख २९ हजार ७७१ र नेपाल पुनरबीमा कम्पनी पाँच करोड दुई लाख २० हजार ९३९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए । नेप्सेका अनुसार मल्टिप्रपोज फाइनान्स ५.६९, कर्णाली डेभलपमेन्ट बैंक ४.३५, शिवम् सिमेन्ट ३.८७, नेपाल इन्स्योरेन्स कम्पनी ३.७८ र गुर्खाज फाइनान्सका लगानीकर्ताले ३.४७ प्रतिशतले कमाएका छन् ।

यस्तै, लक्ष्मी इक्विटी फण्ड ६.३३, इमर्जिङ नेपाल ४.३१, सांग्रिला डेभलपमेन्ट बैंकको ऋणपत्र ३.९४, बैंक अफ काठमाडौँको ऋणपत्र ३.७७ र सिभिल बैंकको ऋणपत्रका लगानीकर्ताले ३.५२ प्रतिशतले गुमाएका छन् ।

## चितवनमा रगतको अभावपछि काठमाडौँ र पोखराबाट ल्याइँदै

चितवन, ४ साउन (रासस)/ जिल्लामा रगतको अभावपछि बिहीबार काठमाडौँ र पोखराबाट ल्याइँदैछ । पोखराबाट ४०० र काठमाडौँबाट ४५ युनिट रगत ल्याउन लागिएको हो ।

क्षेत्रीय रक्तसञ्चार केन्द्र भरतपुरमार्फत विगत १० दिनदेखि रक्तदान कार्यक्रम नभएपछि यहाँ रगतको चरम अभाव भएको हो । केन्द्रका प्रमुख रमेशकान्त पौडेलका अनुसार खेतीपाती मौसम र गर्मीका कारण संघसंस्थाले रक्तदान कार्यक्रम नगरेका हुन् ।

यहाँ दैनिक १५० युनिट रगतको माग हुने गर्दछ । रगतको अभावमा बिरामीको उपचार नै कठिन हुन थालेपछि प्रादेशिक रक्तसञ्चार केन्द्र पोखराबाट ओ, ए र बी समूहका चार सय युनिट रगत ल्याउन लागिएको हो । रगत लिनका लागि गाडी पठाइएको उनले जानकारी दिए । साँझसम्ममा पोखराबाट ल्याउने रगत आइपुग्नेछ ।

त्यस्तै बिहीबार यहाँको चितवन मेडिकल कलेजमा एकजना बिरामीको कलेजो प्रत्यारोपण हुँदैछ । त्यसका लागि केन्द्रीय रक्तसञ्चार सेवा काठमाडौँबाट ४५ युनिट रगत ल्याइँदैछ । एउटै बिरामीका लागि त्यो रगत जगेडामा राख्ने गरी ल्याउन लागिएको हो । काठमाडौँबाट जहाजमार्फत रगत ल्याउन लागिएको पौडेलले जानकारी दिए । रगत अभाव पूर्तिका लागि बिरामीका आफन्त र केन्द्रले जिल्लाका रक्तदातालाई डाकेर रगतको व्यवस्थापन गर्दै आएको छ । केन्द्रले बोलाएपछि रगत दिनेहरू तीन हजार हाराहारी रक्तदाता रहेको पौडेलको भनाइ छ ।

जिल्लामा सबैभन्दा बढी रगतको माग क्यान्सर अस्पतालमा हुने गर्दछ । रक्तक्यान्सर भएका एउटै बिरामीलाई ४०० युनिटसम्म रगत दिएको कार्यालयमा तथ्याङ्क रहेको पौडेलले बताउनुभयो । यहाँको आधा रगत क्यान्सरका बिरामीका लागि जाने गर्दछ ।

क्यान्सरका अतिरिक्त यहाँ रहेका दुई मेडिकल कलेज, भरतपुर अस्पताल र दुई दर्जन निजी अस्पतालमा रगतको माग हुने गर्दछ । मेडिकल कलेजहरूमा अङ्ग प्रत्यारोपणसम्मका उपचार हुने हुँदा रगतको माग उच्च हुने गर्दछ । राजधानी काठमाडौँपछि धेरै प्रसूति भरतपुरमा हुने गर्दछन् ।

## *प्रदेश खारेज गर्न...*

‘जनतालाई कर थोपर्ने र नागरिकबाट उठेको करको रकम प्रदेश तहका सांसद, मन्त्री, कर्मचारी, सयौं वटा सवारीका कारण पनि झनै समस्यामा परेको छ’ महतले भने । ‘म एउटा पार्टीमा आवद्ध छु । पार्टीका तर्फबाट भन्दा पनि मेरो व्यक्तिगत तर्फबाट भन्ने हो भने प्रदेश तह खारेज गरेर स्थानीय तहलाई बलियो बनाएर अगाडि बढ्नका लागि आग्रह गर्दछु’ उनले थपे । मुलुकमा पछिल्लो समय आर्थिक संकट देखा पर्न थालेपछि प्रदेश तह खारेज गर्नुपर्ने माग उठ्दै आएको हो । देशका साना राजनीतिक दलहरुलेसमेत प्रदेश खारेज गर्नुपर्ने माग राख्दै आएका छन् ।

# कांग्रेस संसदीय दलको प्रमुख सचेतकमा चित्रलेखा



काठमाडौँ, ४ साउन (रासस)/ नेपाली कांग्रेस संसदीय दलका नेता एवं प्रधानमन्त्री शेरबहादुर देउवाले प्रमुख सचेतक पदमा सांसद चित्रलेखा यादवलाई नियुक्त गरेको छ । उनी पूर्वउपसभामुखसमेत हुन् ।

यसै गरी सचेतकमा पूर्वमन्त्री मीनबहादुर विश्वकर्मालाई नियुक्त गरेको नवनियुक्त प्रमुख सचेतक यादवले राससलाई जानकारी दिए । कांग्रेस संसदीय दलको प्रमुख सचेतक एक वर्षदेखि रिक्त थियो । यसअघि प्रमुख सचेतक रहेका बालकृष्ण खाण गृहमन्त्री हुनुभएपछि सो पद रिक्त भएको हो । यसैगरी यसअघि सचेतक रहेकी पुष्पा भुसाल उपसभामुख निर्वाचित भएपछि गत साता सो पद पनि रिक्त भएको थियो । दुवै पदमा बिहीबार कांग्रेस सभापतिसमेत रहेका संसदीय दलका नेता देउवाले सो नियुक्ति गरेको हो । संसद्मा पार्टीको धारणा राख्न, कार्य व्यवस्था परामर्श समितिको बैठकमा भाग लिनेलगायत महत्वपूर्ण संसदीय गतिविधिमा प्रमुख सचेतक र सचेतकको भूमिका रहने व्यवस्था छ ।

# *नेपालमा बेरुजुको...*

आर्थिक वृद्धिदर न्यून रह्यो । विदेशी मुद्रा सञ्चिति घट्दै गयो । आयातको तुलनामा निर्यात बढ्न सकेन । कुल लगानी र राष्ट्रिय बचत बढ्न सकेन । आन्तरिक वैदेशिक ऋणको भार बढ्दै गयो । अनौपचारिक अर्थतन्त्र नियन्त्रण हुन सकेन । निजामति ऐन बन्न सकेन । कर्मचारी व्यवस्थापन राम्रोसँग हुन सकेन । संघीयता कार्यान्वयनमा समेत समस्या रह्यो । संघ, प्रदेश स्थानीय तह बीचको समन्वय राम्रो हुन सकेन । कामको व्यवस्थापन राम्रोसँग हुन सकेन । वित्तीय अनुगमन र नियमन राम्रोसँग हुन सकेन । यस्ता खालका कुराहरु हामीले प्रष्टसँग देखाइदिएका छौं ।

**बक्यौता फर्स्योट**

महालेखाले सबैलाई समयमा नै रकम भुक्तानी गर्न सबैलाई छलफल गर्ने गरेको छ । त्यस्तै बक्यौता रकम उठाउनको लागि यो वर्षको स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगमार्फत निर्वाचन आचारसंहिता लागू हुँदा स्थानीय तहको पदाधिकारी उम्मेद्वारले विगतको राज्यलाई तिर्नपर्ने बाँकी कुनै पैसा, पेस्की वा महालेखा परीक्षकले देखाएको बेरुजु बाँकी छ भने त्यस्तो रकम तिरेर मात्रै उम्मेद्वार हुन पाउँछ भनेपछि धेरै चर्चा भएको थियो । धेरैले पैसा पनि तिर्नुभयो ।

अब प्रदेश र संघीय प्रतिनिधि सभाको निर्वाचन हुन्छ त्यो बेला पनि यस्तो खालको योजना बनाउन सक्यो भने व्यक्तिगत रुपमा रहेको बक्यौता रकम फर्स्योट हुन्छ । निर्वाचन आयोगसँग कुरा भएको छ । स्थानीय तहका नयाँ नेतृत्वलाई बेरुजुको विषयमा विगतमा यस्तो भएको छ । त्यो प्रतिवेदन हेरेर सुधार गर्न आग्रह गरिएको छ ।

**वैदेशिक सहायता र बजेट प्रणालीबाहिरको खर्च अवस्था**

महालेखाले प्रत्येक वर्ष वैदेशिक सहायता बजेटमार्फत र बाहिरबाट नै यति खर्च हुन्छ भनेर छुट्याउने गरेको छ । नेपालको बजेट भन्दा बाहिरबाट ४ सय २० मिलियन डलर बजेट प्रणाली भन्दा बाहिरबाट खर्च हुने गरेको देखिन्छ । अर्को बजेटमा आएको तर स्रस्टाहरु नआएको पनि छ । अर्को वस्तुगत सहायता आएको हुन्छ । कतिपय वैदेशिक सहायताहरूले छुट्टै लेखापरीक्षण गराउने गरी लेखापरीक्षक राखिएको हुँदो रहेछ । त्यसलाई हामीले मानेका छैनौं । महालेखामा नै अडिट गराउनुपर्छ भनेका छौं ।

धेरैले हाम्रो अडिट भयो भनेर आउने गरे पनि मान्ने गरेका छैनौं । त्यो अडिट गर्न बाँकी भनेर राख्छौं । अहिले जतिपनि वैदेशिक सहायता बजेट भन्दा बाहिर भन्ने छ । त्यसलाई बजेट भित्र पार्नको लागि पनि सुझावहरु दिएका छौं । अहिले महालेखाले नै अडिट गरिदिन वैदेशिक निकायले माग गर्नुभएको छ । मुख्य कुरा लेखा प्रणालीमा आउनुपर्‍यो र अडिटमा जानुपर्‍यो । यो प्रक्रिया जारी छ ।

**एमसीसीको अडिटमा समस्या छैन**

एमसीसीको विषयमा महालेखाले लेखापरीक्षण गर्ने कुरामा कुनै अन्योल थिएन । अघिल्लो वर्षको प्रतिवेदनमा एमसीसीको विषयमा डिटेलमा लेखिएको छ । एमसीसीको अडिट पनि तेस्रो वर्ष भयो महालेखाले गरेको छ । एमसीसीले आफ्नो तरिकाले लेखापरीक्षण गर्ने गरिएको होला त्यसमा हामीसँग सरोकार भएन तर हाम्रो राज्यको लागि हाम्रो अडिट प्रणालीमा जसरी गर्नुपर्ने हो । त्यो हामी आफैंले गर्छौं । एमसीसीको अडिट गर्ने कुरामा कुनै समस्या र दुविधा केही पनि छैन ।

**सुझाव**

यो वर्ष ३० वटा विषयमा सरकारलाई सुझाव दिएका छौँ । अर्थतन्त्र योजना बजेट सम्बन्धमा, आत्मनिर्भर अर्थतन्त्र निर्माण सम्बन्धमा, दिगो विकासको लक्ष्यमा, बजेट व्यवस्थापन, आयोजना व्यवस्थापनमा, वैदेशिक लगानी, राजस्व परिचालन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपभोग सम्बन्धमा, खर्च व्यवस्थापन नियन्त्रणका सम्बन्धमा, सार्वजनिक खरिद व्यवस्थापन, अनुदान वितरण संघ, प्रदेश र स्थानीय तहमा निकै समस्या देखिएको छ ।

सबैबाट अनुदान वितरण भएको छ । तर अनुगमन राम्रो नभएको पाइएको छ । व्यक्तिगत रुपमा कसैलाई अनुदान दिन हुँदैन । संस्थागत दिँदा पनि चार/पाँच कुराको ग्यारेन्टी हुनुपर्छ । अनुदानबापत राज्यलाई के फाइदा हुन्छ । त्यो हेर्नुपर्छ । (महालेखापरीक्षक शर्मासँग न्युज एजेन्सी नेपालले गरेको कुराकानीमा आधारित) -साभार: नेपालखबर

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



# प्रतिष्ठानका पदाधिकारीलाई कारण देखाउ आदेश

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ उच्च अदालत पाटन हेटौंडा इजलाशले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीलाई कारण देखाउ आदेश दिएको छ ।

न्यायाधीश निर्मला जोशीको एकल इजलाशले बुधवार प्रतिष्ठानका उपकुलपति डा. विश्वराज जोशी, रजिस्ट्रार राजेश प्रसाई र संयोजक चीरञ्जीवी चुडाललाई निषेधाज्ञासहितको उत्प्रेषणयुक्त परमादेश जारी माग भएपछि पदबाट किन नहटाउने भन्ने विषयमा कारण देखाउ आदेश गरेको हो । प्रतिष्ठान हेटौंडाका पदाधिकारीविरुद्ध मंगलबार उच्च अदालत पाटन हेटौंडा इजलाशमा रिट दायर भएको थियो ।

नेकपा (एकीकृत समाजवादी) निकट युवा संघ मकवानपुरका उपाध्यक्ष सफल अधिकारीले ७६ वर्षका उपकुलपतिले कुलपति, सहकुलपतिको निर्देशन नमानेको, शिक्षाध्यक्षले लगेका प्रस्तावहरु सुनुवाई नगरेको, डीन नियुक्त गर्नुपर्नेमा नियमावली बनाएर अन्य कुनै स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नभएको संयोजक पद खडा गरी स्वास्थ्य विज्ञान नपढेको व्यक्ति नियुक्त गरेको भन्दै रिट हालेका थिए । रिटमा २ करोड ६० लाख रुपैयाँ बेरुजु देखिएको, ६ करोड रुपैयाँ भन्दा बढी रकम हिनामिना भएको भन्दै अख्तियारमा उजुरी पर्दासमेत प्रतिष्ठानको हितमा काम गर्न नखोजेको आरोप लगाइएको छ ।




अधिकारीद्वारा दायर मुद्दामा वरिष्ठ अधिवक्ता एकराज बास्तोलाले बहस गरेका थिए । रिटमा उपकुलपति डा. जोशीले प्रतिष्ठानलाई सही नेतृत्व नदिएको र अन्य पदाधिकारीले पनि आफू अनुकूल नियमावली र कार्यविधि बनाएर प्रतिष्ठानलाई सक्रिय बनाउन पहल नगरेको आरोप लगाइएको हो । प्रतिष्ठानको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणसमेत नगराएको, प्रतिष्ठानको सभामा पनि यो विषय पेश नगरी आर्थिक बदमासी लुकाउन खोजिएको आरोप दायर रिटमा उल्लेख छ ।

प्रतिष्ठानका पदाधिकारी अधिकार, दायित्वबाट पन्छिएर असक्षम र अयोग्य देखिएकाले प्रतिष्ठानकै भविष्य अन्योलमा पर्ने गरी काम भइरहेकाले तत्काल रोक्न, पदाधिकारीहरुलाई पदमुक्त गरी नयाँ पदाधिकारी राखेर प्रतिष्ठानको भविष्य जोगाउन रिटमा अपिल गरिएको छ । उपकुलपतिले अनुभव र कानुनी मापदण्ड नपुगेका रजिस्ट्रार नियुक्तिमा पनि मौनता साँधेको प्रशासनिक र आर्थिक अनुभव नभएका व्यक्तिहरुलाई प्रतिष्ठानको रकमको कारोबार गर्न दिँदा बदमासीका अलावा बेरुजु देखिएको रिटमा उल्लेख छ ।

# बालगृहमा मनाइयो जन्मदिन



साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ खर्चिलो र भड्किलो जन्मदिन मनाउने चलन व्याप्त भइरहेका बेला टुहुरा र असहाय बालबालिकालाई आश्रय दिइरहेको हाम्रो घर बालगृहमा जन्मदिन मनाइएको छ । हेटौंडा उपमहानगपालिका-२ मानसचोक निवासी उज्वल कँडेलले हाम्रो घर बालगृहमा आश्रित बालबालिकासँग जन्मदिन मनाएका हुन् ।

हेटौंडा-५ सिचाईटोलमा ग्रामिण जीवनस्तर सुधार मञ्चद्धारा सञ्चालित बालगृहले हेटौंडामा विगत १३ वर्षदेखी अभिभावविहिन र वेसाहारा बालबालिको संरक्षण गर्दै आइरहेकोछ । कँडेलले आफ्नोजन्मदिनको अबसरमा बुधवार केक काटेर र बालबालिकालाई एक दिनको खाना खुवाएर सहयोग गरेका छन् ।

महंगो होटलमा र साथीभाई सगँ बाहिर घुमफिरमा गएर फजुल खर्च गरी जन्मदिन मनाउनुभन्दा असहाय बालबालिकासँगै जन्मदिन मनाउन खुशी मिलेको कँडेलले बताए ।

# दामनमा पाँच हजार किलो स्याउ उत्पादन

हेटौंडा, ४ साउन (रासस)/ थाहा नगरपालिकास्थित दामनमा रहेको शितोष्ण बागवानी केन्द्रले स्याउको बिरुवा पनि उत्पादन गरेको छ । बागवानीमा फुजी, गाला, रेड डेलिसियस, गोल्डेन डेलिसियस स्याउको नयाँ र पुराना गरेर करिब पाँच हेक्टर जमिनमा ५७५ स्याउका बोट रहेको जनाइएको छ । बागवानी प्रमुख रवि केसीले ती बोटबाट यस वर्ष करिब पाँच हजार किलो स्याउ उत्पादन भएको बताए ।

स्याउ उत्पादनभन्दा पनि बिरुवा उत्पादन गरेर किसानबाट स्याउको उत्पादन गराउनु लक्ष्य रहेको उनले जानकारी दिए । उनका अनुसार हिउँदमा हिमपात राम्रो भएमा उत्पादन राम्रो हुनसक्ने र हिमपात नभएमा उत्पादनमा ह्रास आउँछ । स्याउ राम्रो फलाउनका लागि थोरै जमिनमा धेरै बिरुवा लगाउने प्रविधि अपनाएर स्याउको बिरुवा रोपिएको प्रमुख केसीले बताए ।

राम्रो उत्पादनका लागि हिमाली जिल्लाहरूमा मात्र रोप्न सकिने अथवा समुद्री सतहदेखि दुई हजार देखि चार हजार मिटर उचाइमा हिमपात हुने स्थानमा राम्रोसँग उत्पादन दिन सक्ने उनले जनाए । बागवानीले हालसम्म वार्षिक पाँच हजार स्याउको बिरुवा किसानलाई वितरण गर्नका लागि उत्पादन गर्दै आएको उनको भनाइ छ । स्याउलगायत अन्य फलफूलका बिरुवा उत्पादनका लागि वार्षिक १० लाख लागत लाग्ने प्रमुख केसीले जानकारी दिए ।

स्याउका बिरुवामा फूल खेल्ने मौसम असिना पर्ने भएकाले असिनाबाट जोगाउन जाली लगाइएको प्रमुख केसीले बताए । स्याउ फूल खेलेपछि फल पाक्न पाँच महिना लाग्ने र फूल खेल्ने समयमा हिमपात धेरै भएमा फल राम्रो हुने उनले जनाए । विसं २०५० देखि नै परीक्षणको लागि स्याउको बिरुवा लगाएको बताउँदै उनले ईटाली, साइप्रस र बेल्जियमबाट आयात गरेको उच्चतम जातका स्याउ विसं २०७३ मा बागबानीले आफ्नो बगानमा परीक्षणको निम्ति ल्याएको प्रमुख केसीले बताए । बिरुवा लगाएको पहिलो वर्षमा नै यी जातका स्याउका बोटमा फल लागेको उनले जानकारी दिए । एउटा बोटमा करिब १० केजीसम्म फल फल्ने र यी जातका स्याउको बिरुवाको औसत आयु २० देखि २५ वर्षकोसम्म हुने उनको भनाइ रहेको छ ।


# VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Nursing Incharge | Staff Nurse |
| Account Officer | Pharmacy Assistant |
| StoreKeeper | Marketing Officer |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Bike/ Scooter liscense holder are preferd more.

Preference will be given to those candidates having experience in Medical Field.

**Qualification :**
Bachelors Level Completed are encoureged to apply

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to **hospital.sancho@gmail.com**

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
**Sancho Hospital Pvt. Ltd.**

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

# विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

'भाका, भूल, दया, क्षमा, र ममता सन्तोष जान्दैन त्यो,
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,
थुप्रोमा अधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो,
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो'

# भावपूर्ण श्रद्धाञ्जली



स्व. समाज अमुगाई

जन्म: २२ भाद्र २०४४

स्वर्गारोहण: २५ असार २०७९

हाम्रा अत्यन्त प्रिय सुपुत्र **समाज अमुगाई**को ३५ वर्षको कलिलै उमेरमा अकल्पनीय दुःखद् निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । दुःखको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने, संस्थागत/व्यक्तिगत विचार ल्याउनु हुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, छरछिमेकी, महानुभावप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्टिका क्रममा सागरमा पाल्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहण गरिदिनुहुन हार्दिक आमन्त्रणसमेत गर्दछौं ।

**बुबा/आमा**
लिलानाथ अमुगाई
अन्नपुर्ण अमुगाई

**काका/काकीहरू**
ताराप्रसाद अमुगाई
यदुनाथ अमुगाई
शारदा प्रसाद/विमला अमुगाई

**फूपू/फुपाजू**
लालप्रसाद/उमा देवकोटा

**दिदी/भिनाजुहरू**
शकुन्तला/सन्तोष तिमिल्सिना
तारा/मनुज ढुंगाना
ज्योती/लक्ष्मण पराजुली

**भाई/बहिनीहरू**
विकास अमुगाई
समिर अमुगाई
सुरज अमुगाई
विनोद अमुगाई
अनिता अमुगाई
सुजता अमुगाई

**भानिज भाई**
सञ्जोग देवकोटा

**बहिनी/ज्वाई**
सविना/सुजन देवकोटा

**कार्यक्रम:**
मिति: २०७९ साउन ५ गते बिहीबार
समय: विहान २:०० बजे
स्थान: हेटौंडा-२, मानसचोक आफ्नै निवास

**असमर्थताको लागि:** ९८४५४८७७९७

**असमर्थताको लागि:** ९८५५०४६३८४, ९८४५२३५०००

एवम् **समस्त अमुगाई परिवार**

**हेटौंडा-२, मानस चोक**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना